
# मष्टो कुल देवता प्रतिष्ठान

# विधान - २०७३




**प्रकाशक**

मष्टो कुलदेवता प्रतिष्ठान

केन्द्रीय कार्यालय काठमाडौं

# मष्टो कुलदेवता प्रतिष्ठान
## विधान २०७३

**प्रकाशक**

मष्टो कुलदेवता प्रतिष्ठान

# मष्टो कुलदेवता प्रतिष्ठान
# विधान २०७३

**प्रस्तावना**:

स्वर्गका राजा ईन्द्र र पृथ्वीका राजा मष्टो भन्दै मष्टो देवतालाई आफ्नो कुलदेवता मानेर पूजा गर्ने आम नेपाली तथा अन्य मष्टो पूजकहरू बीच मष्टो संस्कृतिबारे व्यापक सम्वर्धन संरक्षण विस्तार गर्न मष्टो देवताबारे विस्तृत रूपमा अध्ययन अनुसन्धान गर्न र यस परम्पराबारे प्रचार प्रसार गर्न एक मष्टो कुलदेवता प्रतिष्ठानको गठन गर्न र संञ्चालन गर्न वान्छनीय भएकोले त्यसका लागि यो विधान संस्था दर्ता ऐन २०३४ को अधीनमा रही तर्जुमा गरिएको छ ।

# परिच्छेद - १

## प्रारम्भिक

**१. प्रतिष्ठानको नाम**

क) प्रतिष्ठानको **नाम मष्टो कुलदेवता प्रतिष्ठान** रहने छ अंग्रेजीमा Masto Kuldewata Academy हुने छ र छोटकरीमा (MKA) रहने छ ।

ख) **प्रतिष्ठानको कार्यालय रहने ठेगाना** : केन्द्रिय कार्यालय का.म.न.पा. ११ बबरबहलमा रहने छ भने शाखा कार्यालय आवश्यक्ता नेपाल भरी रहने छ ।

ग) **प्रतिष्ठानको कार्यक्षेत्र** : यस प्रतिष्ठानको काठमाडौं जिल्ला भरी कार्य क्षेत्र रहने छ । देशका विभिन्न स्थानहरूमा र जिल्लाहरूमा कार्य गर्न सकिने छ । आवश्यक्ता अनुसार राष्ट्रिय र अन्तराष्ट्रिय रूपमा कार्य गर्न सकिने छ ।

घ) **प्रतिष्ठानको प्रारम्भ** यो विधान दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

ङ) **प्रतिष्ठानको अस्तित्व** यो प्रतिष्ठान एक अविछिन्न उत्तराधिकारवाला संगठित स्वशासित गैर नाफामूलक गैरराजनीतिक तथा गैरसरकारी सामजीक संस्थाको रूपमा हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

क) "विधान" भन्नाले मष्टो कुल देवता प्रतिष्ठानको विधानलाई सम्झनु पर्दछ ।

ख) "समिति" भन्नाले मष्टो कुलदेवता प्रतिष्ठानको दफा १३

बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

ग) "प्रतिष्ठान" भन्नाले मष्टो कुलदेवता प्रतिष्ठानलाई जनाउँदछ ।

घ) "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

ङ) "पदाधिकारी" भन्नाले प्रतिष्ठानका पदाधिकारिहरूलाई सम्झनुपर्दछ ।

छ) "आजीवन" सदस्य भन्नाले यस समाजको विधानको दफा ६ को उपदफा (ग) अनुसारको

प्रावधान पुरा गरी बनेको व्यक्तिलाई सम्झनुपर्नेछ ।

ज) "नियम विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँछ ।

झ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

ञ) "संविधानसभा" भन्नाले पहिलो र दोस्रो संविधानसभालाई सम्झनुपर्छ ।

ट) "स्थानीय निकाय" भन्नाले गा.वि.स., महानगर, उपमहानगर, नगरपालिका र जि.वि.स.लाई जनाउनेछ

ठ) "मानार्थ सदस्य" भन्नाले यस समाजको विधानको दफा ६ को उपदफा (घ) अनुसारको प्रावधान पुरा गरी बनेको व्यक्तिलाई सम्झनुपर्नेछ ।

ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

**३. संस्थाको छाप र चिन्ह**

प्रचलित कानूनी व्यवस्थाको प्रतिकुल नहुनेगरी प्रतिष्ठानको

एउटा छुट्टै छाप र चिन्ह अनुसुचि १ मा डिजायन भए बमोजिम हुनेछ । संस्थाको पहिलो कार्य समितिले पारित गरेपछि बैधानिकता पाउनेछ तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा कानूनी प्रक्रियाद्वारा संशोधन गरिने छ ।

## परिच्छेद - २

### उद्देश्यहरू

**४. संस्थाको उद्धेश्य :-**

संस्थाको उद्धेश्य देहाय बमोजिम रहनेछ

१. सबै मष्टो पूजक जातिहरूलाई आफनो कुलदेवताको बारेमा जानकारी गराई तिनीहरूलाई एकै स्थानमा ल्याएर,यस संस्कृतिको जगेर्ना गरी राष्टिय पहिचान दिनको लागि काम गर्ने ।

२. गाउँघरमा छरिएका मष्टो सम्बन्धि जानकारी बाहिर ल्याई सबै मष्टोपूजकहरू सम्म पुऱ्याई एक अर्काको परम्परालाई आत्मसात गरी समाहित गरिने

३. देशी विदेशी विद्धानहरूबाट खोज अनुसन्धानबाट प्राप्त सामग्रीहरूको समेत थप प्रचार प्रसारका साथै यस सम्बन्धमा अध्ययन र अनुसन्धानको लागि थप कार्यहरू समेत गरिने

४. संस्कृतिको सम्बन्धमा जानकारी राख्न चाहने स्वदेशी तथा विदेशी जिज्ञासुहरूका लागि जानकारी र पृष्ठपोषणको लागि नियमित प्रकाशन थाल्ने ।

५. मष्टो सम्बन्धि प्रकाशनलाई प्रोत्साहन गर्न विभिन्न राष्ट्रिय

स्तरका पत्र पत्रिकामा छपाई, पुस्तकप्रकाशन गरी अध्ययनलाई बढावा दिने

६. यस संस्कृतिको अभिन्न अंगको रूपमा रहेको वेदको संरक्षण र यस संस्कृति अन्तर्गत रहेका देवी तथा देवताहरूको मन्दिरहरूको संरक्षण र तिनीहरूको नियमित पूजा आजाको व्यवस्था समेत गर्ने ।

७. भविष्यमा यसको अध्ययनको लागि शिक्षण सस्था तथा पुस्तकालयको ब्यवस्था गर्ने

८. विशुध्द सांस्कृतिक विकासको माध्यम बनाई राष्ट्रिय एकताको मेरूदण्ड बनाउने ।

९. मष्टो पूजकका सन्ततिहरूलाई यस संस्कृतिको परम्परामा ढाल्ने ।

१०. कार्यक्रमहरू जिल्ला संचालन गर्नुपूर्व सम्बन्धित निकायको पूर्व स्वीकृत लिइने छ ।

(नोट :- हिन्दू धर्मका वेद र पुराणहरूका अनुसार सनातन परम्पराको उत्पत्ति थलो र सभ्यताको केन्द्र कैलाश हो । कैलाशलाई पुराणमा मेरू भनिएको र यसमा तेत्तीस ईन्द्रादीदेवताहरू बसोवास गरी रहेको मानिन्छ । कैलाश मानसरोवर क्षेत्रले संसारका मानिसहरूको ध्यान आफूतिर आकर्षित गरी रहेको छ । बर्षेनी हजारौ मानिसहरू धार्मिक पर्यटन र यसको आकर्षणको कारण कैलाश क्षेत्रको यात्रा गर्दछन । कैलाश मानसरोवर क्षेत्रका सम्बन्धमा प्रयाप्त अध्ययन तथा अनुसन्धान भएका छन् । यससंगै जोडिएको मेरूको एक भाग मानिएकोनेपालको मध्य पश्चिम तथा सुदुर पश्चिमी भूभागका सम्बन्धमा प्रयाप्त अध्ययन अनुसन्धान हुन सकेको छैन । यस क्षेत्रमा प्रचलनमा रहेको मष्टो संस्कृति कैलाश मानसरोवर सभ्यताको अभिन्न अंग रहेको छ । अध्ययन अनुसन्धानका अभावमा

पछिल्लो पुस्ता यस संस्कृतिबाट विमुख हुँदै गई रहेको छ र त्यो पुस्तालाई आफ्नो संस्कृतिको बारेमा जानकारी गराउन ढिलो भई सकेको छ ।

तत्कालिन कर्णाली क्षेत्र जुम्लाबाट बसाई सराई गरी देश, विदेश र विश्वका विभिन्न भागमा फैलिएर रहेकासमस्त जातिहरूका कुल देवता मष्टो तथा यस समुहका देवता हुन् । यो नेपालीहरूको आफ्नै मौलिक संस्कृति हो र यसको उत्पत्ति थलो र केन्द्र विन्दु कैलाश मान सरोवरको आसपास हो । नेपालमा प्रचलित विभिन्न संस्कृतिहरूका बारे अध्ययन भए पनि यस संस्कृतिको बारेमा हाल सम्म राम्रो अध्ययन अनुसन्धान हुन सकेको छैन । विभिन्न स्वदेशी तथा विदेशी लेखकहरूले मष्टोको सम्बन्धमा सामान्य, अस्पष्ट जानकारी बाहिर ल्याए पनि यसको गहिराईमा पुगेर अध्ययन हुन नसक्दा यो संस्कृति लोप हँदै गई रहेको छ । केहीले यस सस्कृतिका सम्बन्धमा भ्रामक कुराहरू प्रस्तुत समेत गरेको पाइएको छ । पछिल्लो पुस्ताले यसको महत्व बिर्सदै गई रहेको अवस्थामा, भावी पुस्तालाई यस संस्कृति बारे जानकारी गराई, धार्मिक रूपमा कुनै जाति, धर्म अथवा जातिप्रति लक्षित नभएर यस संस्कृति बारे जगेर्ना गर्न र सांस्कृतिक धरोहरको रूपमा रहेको यस परम्पराको बारेमा थप खोज र अनुसन्धान र अध्ययन गरी प्रकाशमा ल्याउनयो **मष्टो संस्कृति अध्ययन प्रतिष्ठान**को गठन गरी संस्कृति र परम्पराको जगेर्नामा टेवा पुग्ने विश्वास लिइएको छ ।

# परिच्छेद - ३

## सदस्यता

### ६. सदस्यहरूको वर्गीकरण

यस प्रतिष्ठानका देहाय बमोजिमका सदस्यको वर्गीकरण गरिएको छ ।

**क) साधारण सदस्य**

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रही आवेदन गरी सदस्यता प्राप्त गर्ने ब्यक्तिहरू साधारण सदस्य हुनेछन् ।

**ख) संस्थापक सदस्य**

यो प्रतिष्ठान दर्ता हुँदाको बखतका पदाधिकारी तथा सदस्यहरू संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्य स्वतः आजीवन सदस्य हुनेछन् ।

**ग) आजीवन सदस्य**

प्रतिष्ठानको बिकासका लागी विशेष सहयोग दान पुऱ्याउने व्यक्तिलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

**घ) मानार्थ सदस्य :**

उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई

प्रतिष्ठानको मानार्थ सदस्यता प्रदान पर्न सकिने छ तर मानार्थ सदस्यहरूको मदाधिकार रहने छैन ।

## ७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता

यस प्रतिष्ठानको सदस्यताको लागि देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :-

क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक हुनु पर्ने छ ।

ख) नैतिक पतन नभएको फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

ग) सार्वजनिक सम्पत्ती हिनामिना गरेको नठहरेको हुनु पर्छ ।

घ) मानसिक सन्तुलन नगुमाएको हुनु पर्छ ।

ङ) प्रतिष्ठानको अहित हुने काम नगरेको हुनु पर्छ ।

## ८. प्रतिष्ठानको सदस्यता लिन वा वहाल रहन नसक्ने अवस्था

देहायको अवस्थामा कुनै व्यक्ति सदस्यताको पद प्राप्त गर्न सक्ने छैन्

क) १८ बर्ष उमेर नपुगेको ।

ख) नैतिक पतन देखिने, फौजदारी अभियोग प्रमाणित भएको ।

ग) मानसिक सन्तुलन गुमाएको ।

घ) सार्वजनिक सम्पत्ती हिनामिना गरेको ठहरेको ।

ङ) साहुको दामासाहीमा परेको ।

च) गैर नेपाली नागरिक ।

झ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्ना जिम्माको धनमाल अनधिकृत रूपमा मासेको वा दुरूपयोग गरी कसुरदार ठहरी सजाय पाएको व्यक्ति ।

## ९ सदस्यताको समाप्ति

१. देहायको अवस्थामा कुनै व्यक्ति प्रतिष्ठानको सदस्यमा बहाल रहने छैन ।

क)	यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख)	साधारण सभाको ७५ प्रतिशत सदस्यहरूको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग)	सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।

घ)	प्रतिष्ठानको काम कारवाहीमा बेइमानी वा बद्नियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ)	यस विधान बमोजिम प्रतिष्ठानले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

च)	सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ)	प्रतिष्ठान विघटन भई खारेज भएमा ।

२. कुनै व्यक्ति प्रतिष्ठानको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि प्रतिष्ठानबाट निजलाई सो कुराको सूचना दिई सफाईको सबुद पेश गर्ने मौका दिइने छ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि**

यस विधानको दफा ६ बमोजिमको सदस्यहरूले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**१.	साधारण सदस्य**

क)	साधारण सदस्यता प्राप्त गर्न जो कोही दफा ७ को योग्यता पुगेको व्यक्तिले सदस्यता शुल्क वापत रू.१०००।- तिरी तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई संस्थाको साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) साधारण सदस्यले वार्षिक नवीकरण शुल्क रू.५००।- बुझाउनु पर्नेछ ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष असार महिनाको मसान्त भित्र नवीकरण गराई सक्नु पर्ने छ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नवीकरण गर्न सक्नेछ ।

२. **संस्थापक सदस्य**

क) यो प्रतिष्ठान दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरू संस्थापक सदस्य हुनेछन् ।

ख) संस्थापक पदाधिकारी तथा सदस्यहरू स्वतः आजीवन सदस्य हुने छन् ।

३. **आजीवन सदस्य** :

प्रतिष्ठानमा एकमुष्ट रू.५०००।- बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्ने छ ।

४. कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइनेछ

५. सबै सदस्यहरूले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनिमय बमोजिम भएको ब्यवस्थाको पालना गर्नु पर्ने छ ।

६. प्रतिष्ठानले प्रदान गरेको उपदफा, १, २, ३ र ४ अनुसारको सदस्यहरूको तोकिएको ढंगमा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

# परिच्छेद - ४

## साधारण सभा, कार्य समिति तथा वैठक सम्बन्धि व्यवस्था

### ११. केन्द्रिय साधारण सभाको गठन

१) यस प्रतिष्ठानको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने सदस्यहरू भएको साधारण सभा गठन हुनेछ । साधारण सभा प्रतिष्ठानको सर्वोच्च अंग हुनेछ ।

२) प्रतिष्ठानको साधारण सभाको गठन देहाय बमोजिम हुनेछ ।

क) वार्षिक साधारण सभा : वर्षको एक पटक केन्द्रिय वार्षिक साधारण सभा बस्ने छ ।

ख) विशेष साधारण सभाः प्रतिष्ठानको कुल सदस्य संख्याको १/४ एक चौथाई सदस्यहरूले कारण जनाई अध्यक्ष समक्ष केन्द्रिय विशेष साधारण सभा माग गरेमा केन्द्रिय विशेष साधारण सभा, केन्द्रिय कार्यसमितिले कम्तीमा सात दिनभित्र अनिवार्य रूपमा बोलाउनु पर्नेछ तर केन्द्रिय साधारण सभा वा विशेष सभा बसेको ६ महिना भित्र पुन केन्द्रिय विशेष साधारण सभा बस्न सक्ने छैन ।

३) यस प्रतिष्ठानको प्रथम केन्द्रिय वार्षिक साधारण सभा प्रतिष्ठान स्थापना भएको आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ र त्यस पछिका केन्द्रिय वार्षिक साधारण सभाहरू आर्थिक

वर्ष समाप्त भएको मितिले ३ (तीन) महिनाभित्र गरिने छ ।

४) यस प्रतिष्ठानको केन्द्रिय वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र केन्द्रिय विशेष साधारण सभा गर्नका लागि कम्तिमा सात दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल हुने विषय खोली सबै साधारण सदस्यहरूलाई अनिवार्य रूपमा सूचना दिइनेछ ।

५) उपदफा (४) बमोजिम बोलाइएको केन्द्रिय साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुन साधारण सभा बोलाइनेछ ।

६) केन्द्रिय साधारण सभा र विशेष साधारण सभाको छुट्टै निर्णय पुस्तिका राखिनेछ ।

१२. **साधारण सभाको काम, कर्तव्य र अधिकार : साधारण सभाको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरू र बार्षिक बजेट पारित गर्ने ।

ख) लेखापरीक्षकबाट प्राप्त भएको बार्षिक लेखा परीक्षण प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरूजु रकमहरू माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरूजु रकमहरू अशुल उपर गरी फछ्यौट गर्नाको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग) आगामी आर्थिक वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ) प्रतिष्ठानको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेका कार्यहरूको मूल्याकंन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

ङ) प्रतिष्ठानका कार्यसमितिका पदाधिकारीहरूको पदावधि पुगेको अवस्थामा कार्य समितिको विधान सम्मत तरीकाले निर्वाचन गर्ने ।

च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्य समितिबाट प्रतिष्ठानको हित अनुकुल भएका काम कारवाहीको औचित्य हेरी अनुमोदन गर्ने ।

झ) प्रतिष्ठानको आफ्नै आन्तरिक स्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरूको दरबन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरूमा आवश्यकता अनुरूप स्वीकृति प्रदान गर्ने ।

**१३. कार्यसमितिको गठन**

१) केन्द्रिय साधारण सभाको सदस्यहरूबाट निर्वाचित देहाय बमोजिमको हुने गरी एक केन्द्रिय कार्यसमिति गठन गरिनेछ ।

१) अध्यक्ष............................१

२) उपाध्यक्ष........................१

३) महासचिव ......................१

४) सचिब .........................१

५) कोषाध्यक्ष.......................१

६) सहकोषाध्यक्ष....................१

७) सदस्यहरू........................५

२) केन्द्रिय कार्य समितिको पदावधि २ वर्षको हुनेछ ।

३) केन्द्रिय बार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिद्वारा नियुक्त गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ तर अन्य पदहरूको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्वारा पदपुर्ति गरिनेछ ।

४) कार्य समितिको वैठक अध्यक्षले आवश्यकता अनुसार बोलाउनेछ तर कार्य समितिका पदाधिकारीहरूको जम्मा संख्याको ५१ प्रतिशतले वैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको वैठक तुरून्त बोलाउनु पर्नेछ ।

५) कार्य समितिका पदधिकारीहरूको कुल संख्याको ५१ प्रतिशत पदाधिकारीहरू उपस्थित नभै कार्य समितिको वैठक बस्ने छैन ।

६) कार्य समितिको बैठककमा अध्यक्षले अध्यक्षता गर्नेछन र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित अन्य सदस्यहरूले छानेको जेठो सदस्यले अध्यक्षता गर्नेछ ।

७) कार्य समितिको वैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ

८) कार्य समितिको वैठकमा छलफल भएको विषयहरूको छुट्टै

निर्णय किताबमा लेखि राखिने छ र सो निर्णय विवरणमा वैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूले सही गर्नु पर्नेछ । तर निर्णयमा असहमति जनाउनेहरूले कैफियत खोली सही गर्नु पर्नेछ ।

९) माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरू लिखित रूपमा सहमत भएमा यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी यस्तो काम वैठक विना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको वैठकको निर्णय सरह मानिनेछ ।

१०) संस्थाको काम कारवाही छिटो छरितो र प्रभावकारी बनाउन अध्यक्ष, महासचिव, कोषाध्यक्ष र दुई सदस्य (महिला १ समेत) सहितको सचिवालय हुनेछ, सचिवालयको निर्णय केन्दिय कार्य समितिको बैठकमा अनिवार्य अनुमोदन गर्नु पर्नेछ ।

**१४. केन्द्रिय कार्य समितिको काम, कर्तव्य र अधिकार** :- कार्य समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) प्रतिष्ठानको आगामी वर्षको कार्यक्रम तथा अनुमानित बजेट बनाइ साधारण सभामा प्रस्तुत गर्ने ।

ख) विधान बमोजिमको व्यवस्था पालन गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

ग) प्रतिष्ठानको हितमा हुने कार्यक्रमहरू सञ्चालन गर्ने ।

घ) केन्द्रिय साधारण सभाप्रति उत्तरदायी रहने ।

ङ) प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र स्रोतको अधिकतम् उपभोग र प्रयोग गर्ने ।

च) प्रतिष्ठानको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, स्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

छ) प्रतिष्ठानको कोष र सम्पत्ति सुरक्षित तरीकाले राख्न लगाउने र वैंक खाता खोली संचालन गर्ने ।

ज) प्रतिष्ठानको कर्मचारी सेवा शर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने ।

झ) प्रतिष्ठठानको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरूको सल्लाहकार समिति, अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरूप कार्यको बाडँफाँड गरिदिने ।

ज) प्रतिष्ठानको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**१५. पद त्याग गर्न सक्ने**

अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र अन्य पदाधिकारी तथा सदस्यहरूले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

**१६. अन्य समितिहरू**

क) यस विधानको परिधीभित्र रहेर प्रतिष्ठानको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उपसमितिहरू गठन गर्न सक्नेछ तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्ने छ ।

ख) उप समितिहरूका कार्यहरू कार्यसमितिले तोकिदिए बमोजिम हुनेछन् ।

ग) आवश्यकता अनुसार जिल्ला तहमा जिल्ला कार्यसमिति गठन गर्न सकिनेछ । जिल्ला कार्यसमिति गठन गर्दा गठन विधि तथा जिल्ला कार्य समितिका पदाधिकारी तथा सदस्यहरूको काम कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ६

## पदाधिकारीहरूको काम कर्तव्य र अधिकार

**१७. पदाधिकारीहरूको काम कर्तव्य र अधिकार :**

कार्य समितिका पदाधिकारीहरूको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

**क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

अ) समिति र सभाको वैठकको अध्यक्षता गर्ने, वैठक सञ्चालन गर्ने ।

आ) निर्णायक मत दिने ।

इ) प्रतिष्ठानको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

ई) प्रतिष्ठानको नेतृत्व लिने ।

उ) आवश्यकता अनुसार वैठकहरू बोलाउन सचिवलाई निर्देशन दिने ।

ऊ) अन्य पदाधिकारी एवं सदस्यहरूलाई कामको वाँडफाँड गर्ने ।

ए) अभिलेख प्रमाणित गर्ने ।

**ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

अ) अध्यक्षलाई सहयोग गर्ने ।

आ) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

इ) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने कार्य गर्ने ।

**ग) महासचिवको काम, कर्तव्य र अधिकार**

अ) प्रतिष्ठानको सचिवालयको रेखदेख, प्रशासनिक प्रमुखको जिम्मेवारी र संचालन गर्ने ।

आ) अध्यक्षको निर्देशन अनुसार वैठक र सभा बोलाउने ।

इ) अभिलेख सुरक्षित राख्ने ।

ई) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

**घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

अ) प्रतिष्ठानको कोषको रेखदेख र संचालन गर्ने ।

आ) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

इ) लेखा दुरूस्त राख्ने ।

ई) नियमित रूपमा वार्षिक लेखा परीक्षण गराउने ।

**ङ) सदस्यहरूको काम, कर्तव्य र अधिकार**

अ) समितिको वैठकमा सक्रिय सहभागिता जनाउने ।

आ) प्रतिष्ठानको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

इ) प्रतिष्ठानको प्रतिष्ठानगत हित हुने कार्यहरूमा सक्रिय सहभागिता जनाउने ।

ई) प्रतिष्ठानको हित हुने अन्य कार्य गर्ने ।

**१८. गणपुरक संख्या**

क) कुल सदस्य संख्याको ६० प्रतिशत साधारण

सदस्यहरूको उपस्थिति नभै साधारण सभाको काम कारवाही हुने छैन् ।

ख) तर विधानको दफा ११ को उपदफा (५) बमोजिम पुन बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत भएमा सभा गर्न सकिनेछ ।

ग) तेस्रो पटक सभा बोलाउदा उपस्थित सदस्य संख्यालाई आधार मानी सभा गर्न सकिने छ ।

## परिच्छेद - ६

### आर्थिक व्यवस्था

**१९. प्रतिष्ठानको कोष**

१) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरू जम्मा हुनेछ

क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता, आजीवन सदस्यता शुल्क, सदस्यता नवीकरण वापतको रकम ।

ख) कसैले स्वैच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

ग) प्रतिष्ठानको चल अचल सम्पत्ती वा अन्य वस्तुको विक्रीबाट प्राप्त रकम ।

घ) विदेशी प्रतिष्ठान व्यक्ति वा अन्तराष्ट्रिय संघ प्रतिष्ठानबाट सहयोग वापत प्राप्त रकम ।

ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

च) नेपाल सरकार, मन्त्रालय, मातहत कार्यालयहरूबाट प्राप्त रकम ।

छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी एवं गैह्रसरकारीहरूबाट प्राप्त सहयोग नगत तथा जेन्सी लिन सकिने छ ।

ज) प्रतिष्ठानको हित एवम् विशुद्ध सामाजिक हितका लागि प्रतिष्ठानद्वारा गरिएका विभिन्न क्रियाकलापहरूबाट प्राप्त रकम ।

२) विदेशी संघ संस्थाबाट सहयोग लिदा नेपाल सरकार अर्थ मन्त्रालयबाट पूर्व स्वीकृति लिएर मात्र लिइने छ ।

३) प्रतिष्ठानमा प्राप्त रकम स्थानीय वैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

**२०. खाता संचालन**

प्रतिष्ठानको वैंक खाता अध्यक्ष, महासचिव र कोषाध्यक्षको (अनिवार्य) मध्ये दुई जनाको संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको स्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

**२१. कोषको रकम खर्च गर्ने तरिका** :

प्रतिष्ठानको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिने छ ।

क) प्रतिष्ठानको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको

अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रूपले पेश गर्नु पर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नु पर्नेछ ।

**२२. प्रतिष्ठानको लेखा र लेखा परीक्षण**

क) प्रतिष्ठानको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट रूपले राखिने छ ।

ख) प्रतिष्ठानको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिष्ट्रर्ड लेखा परिक्षकबाट हुने छ ।

ग) नेपाल सरकारबाट वा स्थानिय अधिकारीले चाहेमा जुनसुकै बखतमा आफै वा मातहतका कर्मचारीहरू खटाई प्रतिष्ठानको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।

घ) लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट गराइनेछ तर प्रथम साधारण सभा नहुँदासम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

ङ) प्रतिष्ठानको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको एक एक प्रति स्थानीय अधिकारी, जिल्ला विकास समिति, समाज कल्याण परिषद र सम्बन्धित निकायमा पेश गरिनेछ ।

# परिच्छेद - ७

## निर्वाचन सम्बन्धी व्यवस्था

**२३. निर्वाचन सम्बन्धी व्यवस्था**

क) कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिमा गठन गरिनेछ ।

ख) निर्वाचन समितिले प्रचलित कानुनको परिधी भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

ग) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समिति स्वतः विधटन हुनेछ ।

**२४. उम्मेदवारीका लागि योग्यता** :

कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्ने छ तर पहिलो पटकको हकमा यो नियम लागु हुनेछैन ।

१) प्रतिष्ठानको साधारण सदस्यता लिई नियमित रूपमा नविकरण गराएको व्यक्ति ।

२) साधारण सदस्य भएको ।

३) दफा ८ बमोजिम योग्यता पुगेको ।

४) सामाजिक सेवाको भावना भएको ।

५) पदीय जिम्मेवारी वहन गर्न सक्ने ।

**२५. अविश्वासको प्रस्ताव**

१) अविश्वास प्रस्ताव लिखित रूपमा कुन कुन पदाधिकारीको बिरूद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित

पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क) नेपाली भाषामा शिष्ट भाषा प्रयोग गरी लेखिएको हुनु पर्छ ।

ख) प्रस्तावको विषय स्पष्ट र ब्यावहारिक हुनु पर्छ ।

ग) साधारण सभा सदस्यहरू मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरूको प्रष्ट नाम र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

२) उपदफा (१) बमोजिम प्रतिष्ठानमा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी प्रतिष्ठानको साधारण सभाको, सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई विधानको दफा, ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइने छ

**३. अविश्वासको प्रस्तावमाथि छलफल प्रक्रिया :**

क) साधारण सभामा अध्यक्षता गर्ने ब्यक्तिले साधारण सभामा उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरू मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

ख) उप दफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग) उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरू बिरूद्ध प्रस्तुत गरिएको हो अध्यक्षता गर्ने ब्यक्तिले ती पदाधिकारीहरूलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरू राख्न अनुमति दिइने छ ।

**४. अविश्वासको प्रस्तावमाथि निर्णय :**

क) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने ब्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरीका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छ ।

ख) अविश्वासको प्रस्ताव पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर ।

ग) साधारण सभाका सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

घ) साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाइ) बहुमतले अविश्वासको प्रस्ताव पारित हुने छ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका ब्यक्तिहरू पद मुक्त हुनेछन् ।

ङ) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो ब्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

२६. विधान संशोधन

क) कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभाका सदस्यहरूले अनुमोदन गरे पश्चात मात्र प्रतिष्ठानको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ। स्थानीय अधिकारबाट स्वीकृत भए पश्चात प्रतिष्ठानको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

२७. नियम बनाउन सक्ने

क) प्रतिष्ठानले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

ख) यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही प्रतिष्ठानको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धि विनियम बनाई लागू गर्न सक्नेछ। त्यस्तो विनियम साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२८. कर्मचारीको व्यवस्था

क) प्रतिष्ठानको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा सर्तहरू अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ

ख) प्रतिष्ठानले विदेशी सहयोग प्राप्त गरी प्रतिष्ठानको संचालन गर्ने कार्यान्वयन विदेशी सल्लाहकार वा स्वयम् सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत जानकारी गराइनेछ ।

**२९. प्रतिष्ठान खारेजी**

क) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी प्रतिष्ठान खारेज गर्न सक्नेछ

ख) उपदफा (क) बमोजिम प्रतिष्ठानको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरू र संस्थाको हिसाब किताब गर्नको लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरू नियुक्त गर्न सक्नेछन् ।

ग) उपदफा (ख) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरूको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

घ) यसरी कारणवस प्रतिष्ठान विघटन भई खारेज भएमा प्रतिष्ठानको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

**30. व्याख्या:**

यो विधान र विधान अन्तरगत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ तर कार्यसमितिले गरेको व्याख्यामा पनि गम्भिर त्रुटी भएको भनी अन्य सरोकारवालाले

अदालतमा मुद्दा गरेमा नेपालको कानून बमोजिम अन्तिम व्याख्या अदालतले गर्नेछ ।

**३१. गोप्यता भंग गर्न नहुने**

यस प्रतिष्ठानका कुनै पनि पदाधिकारी वा सदस्यले प्रतिष्ठानका आन्तरिक कुराहरूलाई कार्यसमितिको अनुमतिबिना सार्वजनिक गरी प्रतिष्ठानको गोपनियता भंग गर्ने अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरूले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाइने छैन ।

**३२. ऐन अनुसार हुने**

यस विधानमा उल्लेख नभएका कुराहरू कानून बमोजिम हुनेछ र प्रतिष्ठान दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछन् ।

**३३. निर्देशनको पालना**

नेपाल सरकार वा स्थानीय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ ।

**३४. तदर्थ समिति**

१. यो प्रतिष्ठान स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिनाभित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउने छ र सोको जानकारी स्थानिय अधिकारीलाई दिइनेछ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारवाहीहरू यसै विधान सरह भएको मानिनेछ ।

३५. यो संस्थालाई सर सल्लाह र सुझावका लागी कानूनी सल्लाहकारको व्यवस्था गरिने छ ।

३६. हामी मष्टो साँस्कृति अध्यान प्रतिष्ठान निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सही छाप गर्दछौं ।

| संस्थापकको नाम, थर, पद र ठेगाना | साक्षीको नाम, थर, वतन र सहिछाप |
|---|---|
| १. नाम थर : मोहनसिहं खड्का<br>पद : अध्यक्ष<br>ठेगाना : बूढानीलकण्ठ १० काठमाडौं (बाँसवारी ३)<br>हस्ताक्षर. | १. नाम थर : भुन्टु धामी<br>ठेगाना : सुनिकोट ७ बझाङ<br>हस्ताक्षर. |
| २. नाम थर : कुमार कार्की<br>पद : उपाध्यक्ष<br>ठेगाना : वास्ती ४ रामेछाप<br>हस्ताक्षर | २.नाम थर : ईश्वरा कुवँर (धामी)<br>ठेगाना : धमेना ७ बझाङ्ग<br>हस्ताक्षर |
| ३. नाम थर : विष्णुबहादुर खड्का<br>पद : महासचिव<br>ठेगाना : तु न.पा. १७ दाङ्ग (हलवार ८)<br>हस्ताक्षर | ३. नाम थर : दिलिपकुमार झा<br>ठेगाना : साँढा ३ महोत्तरी<br>हस्ताक्षर |
| ४. नाम थर : राधा थापा<br>पद : सचिव<br>ठेगाना : गुन्जनगर २ चितवन<br>हस्ताक्षर | ४. नाम थर : सन्जय के.सी<br>ठेगाना : तु न.पा. ८ दाङ्ग<br>हस्ताक्षर |
| ५. नाम थर : माधवप्रसाद जोशी<br>पद : कोषाध्यक्ष<br>ठेगाना : सुवेडा ३ बझाङ्ग<br>हस्ताक्षर | ५. नाम थर : तेजप्रकाश बानियाँ<br>ठेगाना : पाँचखाल न.पा. ४ काभ्रे<br>हस्ताक्षर |

| | |
|---|---|
| ६. नाम थर : माला खड्का<br>पद : सह कोषाध्यक्ष<br>ठेगाना : का.म.न.पा. ४ काठमाडौं<br>हस्ताक्षर | ६. नाम थर : बाशुदेव दाहाल<br>ठेगाना : गोलढुङ्गा ४ काठमाडौं<br>हस्ताक्षर : |
| ७.नाम थर : प्रेम कैदी भन्ने प्रेम बहादुर शाही<br>पद : सदस्य<br>ठेगाना : ने.न.पा. २ बाँके<br>हस्ताक्षर | ७.नाम थर : सरिता जोशी<br>ठेगाना : सुवेडा ३ बझाङ्ग<br>हस्ताक्षर : |
| ८. नाम थर : विनोद खड्का<br>पद : सदस्य<br>ठेगाना: बज्रबाराही न.पा.१ ललितपुर झरुवारासी ३<br>हस्ताक्षर | ८.नाम थर : नारायणप्रसाद जोशी<br>ठेगाना : सुवेडा ३ बझाङ्ग<br>हस्ताक्षर : |
| ९. नाम थर : विमला के.सी.खड्का<br>पद : सदस्य<br>ठेगाना : तु न.पा.१७ दाङ्ग (हलवार ८)<br>हस्ताक्षर | ९.नाम थर : विष्णु थापा<br>ठेगाना : चित्लाङ्ग ७ मकवानपुर<br>हस्ताक्षर : |

**संस्थाको लोगो**

यस संस्थाको लोगो निम्नअनुसार हुनेछ ।

भदं कर्णेभि श्रृणु याम देवा : भंद्रपश्येमा क्षमियजत्रै स्थिरै रङ्गै स्टुष्टुवांस स्तनु भिर्व्यशेम देवं हितायु ।।२।।
हे विश्वले पुजने पुज्य देवता, कल्याणका वात ई कालने सुनन् ।
हजुरमा विन्ति गरेर भन्दछु कल्याण्का मार्ग नयन् भरिरहुन् ।
सुदृढ यो देह खडा रहेतक उनै प्रभुको स्तुती ध्यांग्रि रहुँ ।
कारण प्रभुले जति आयु दिनु भो उसै महाचित्त लगाई भोग गरौं ।

पुरुषायदेव सँ र्व्वयद्भूतं य्यच्च भाव्व्यम् । उतामृत्त्वस्येशानो यदन्नेनातिरोहति ।।२।।
भूतकाल (वितेको छदोविश्व) भविष्य (पछि हुने विश्व) वर्तमान (चलिरहेको विश्व) यी तीनै काल सबै पुरुष रुप नै छन् ।
प्राणिहरुका योग, साथ रहने र पोषणका निमित्त आफ्ना कारणावस्थालाई त्यागेर, त्यो कारण जाग्दावस्था पाउनका निम्ति यो विश्व प्राप्त गर्दछ । त्यो अमृततत्त्वको स्वामी परम पुरुष (मष्टो) नै छ ।।२।।

**जय मस्टो**

**प्रकाशक**
मष्टो कुलदेवता प्रतिष्ठान
केन्द्रीय कार्यालय काठमाडौं